सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# ठेक्का तोडी कालो सूचीमा राख्ने सम्बन्धी अन्तिम सूचना

(प्रकाशित मितिः २०८०/०४/१५)

यस सियारी गाउँपालिकाको ठेक्का नं. SRM/13-078/079 गाउँपालिका कनरी सडक कालोपत्रे गर्न तपाई विवेक कन्स्ट्रक्सन, वुटवल १४- रुपन्देही निर्माण व्यवसायी र यस गाउँपालिका वीच मिति २०७८/११/२५ मा मिति २०७९/०३/१५ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको र पछिल्लो पटक तपाईले विभिन्न समयमा पेश गरेको कार्यतालिका तथा समयमै निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता अनुसार म्यद समेत थप गरिएकोमा तोकिएको समयसिमा भित्र कार्य सम्पन्न गर्न पटक पटक मौखिक, लिखित रुपमा जानकारी गराउदा समेत लामो समयदेखि निर्माण कार्य गराउने तर्फ अग्रसरता नदेखाएको, स्वधोषित कार्यतालिका बमोजिम अपेक्षित प्रगति हासिल नगरेको हुँदा ठेक्का सम्झौता तोडि कालोसूचिमा राख्ने तथा कार्य सम्पादन जमानत धरौटी बापतको रकम जफत गर्नुको साथै ठेक्का तोडिए पश्चात बाकी काम गर्दा कार्यालयलाई थप हुने दायित्व के कति कारणले असुल गर्नु नपर्ने हो ?, सोको स्पष्ट लिखित प्रमाण सहित स्वयं आधिकारीक प्रतिनिधि यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशन गरिएको छ। तपाईलाई यस कार्यालयबाट बारम्बार निर्माण कार्य गर्नको लागि पत्राचार गरिएको भएता पनि विभिन्न वाहानामा निर्माण कार्यमा वेवास्ता गरेको , पेश गर्नुपर्ने बाकी कामको कार्ययोजना पेश नगरेको सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ र ठेक्का सम्झौता GCC-72 मा भएको व्यवस्था वमोजिम ठेक्का Termination किन नगर्ने ?, तपाईको ठेक्का तोडि GCC-75 बमोजिम कार्य सम्पादन जमानत जफत किन नगर्ने ?, तपाईलाई GCC-74 बमोजिम कालोसूचिमा राख्न सिफारिस किन नगर्ने ?, सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ५९ (३)(ग) बमोजिम बाकी निर्माण कार्य गराउनका लागि लाग्ने थप खर्च बापतको तपाईले व्यहोर्नु पर्ने दायित्तव मूल्याङ्कन गरी असुल उपर किन नगर्ने ?, लगायतका कारवाही प्रकृया अगाडि किन नबढाउने ?, तपाईको ठेक्का किन नतोड्ने ?, उल्लेखित विषयहरुमा चित्त बुझ्दो लिखित स्पष्टिकरण सहित आधिकारिक प्रतिनिधी वा सम्वन्धित व्यवसायी नै तोकिएको समय सिमा भित्र उपस्थित हुन अन्तिम पटक ७ (सात) दिने ठेक्का तोडी कालोसूचीमा राख्ने प्रयोजनार्थ ठेक्का सम्झौताको शर्त बमोजिम तथा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ (२) (क) , ५९ (३) (क),(ख) , ५९ (७) तथा दफा ५९ (८) अनुसार यो सूचना प्रकाशन गरिएको छ। उपस्थित नभएमा तथा चित्त बुझ्दो स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कारवाही हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत